सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३०४ ♦ २०८३ साल साउन ६ बुधवार ♦ 22 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## जनकपुरधाममा 'मिटर ब्याजी'हरूको प्रदर्शन, ९ बुँदे सम्झौता खारेज गर्न माग




**खबर दर्पण समाचारदाता**

**साउन ५ गते, बर्दिवास**

जनकपुरधाममा मिटर ब्याजमा ऋण दिने साहुहरूले ९ बुँदे सम्झौता खारेजीको माग गर्दै प्रदर्शन गरेका छन्।

मंगलबार जनकपुरधाममा पीडित लेनदेन संघर्ष समितिले बोलाएको भेलापछि नगरको विभिन्न चोकको परिक्रमा गर्दै उनीहरूले नाराबाजी गरेका छन्। उनीहरुले 'गृहमन्त्री राजीनामा दे', '९ बुँदे सम्झौता खारेज गर ' लगायतका नारा लगाउँदै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, अदालतअगाडि नाराबाजी गरेका हुन्।

ऋण दिने साहु राजकिशोर साहले आफूहरू पीडित रहेको भन्दै गृहमन्त्री सुदन गुरुङले कानुनविपरीत सम्झौता गरेको बताए। उनले भने, 'सम्झौता त्रिपक्षीय हुनुपर्ने थियो। दुवै पीडित र सरकार पक्षको वार्ता गराएर सम्झौता गर्नुपर्नेमा साहु महाजनलाई छोडेर एकतर्फी रुपमा सम्झौता गरिएको छ।'

उनले पीडितहरूको एकतर्फी कुरा सुनेर सरकारले सम्झौता गरेकाले आफूहरु थप पीडित भएको बताए। उनले यो सम्झौता एकतर्फी रहेकाले आज साहुमहाजनको भेला बसेको बताए।




## हर्कलाई जानकी मन्दिर प्रवेश गर्न नदिने हिन्दुवादीको अडान, विरोधमा नारावाजी

**खबर दर्पण समाचारदाता**

**साउन ५ गते, बर्दिवास**

श्रम संस्कृति पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य हर्क साम्पाङ जानकी मन्दिर दर्शन

*बाँकी पृष्ठ ३ मा*



भर्ना खुल्यो ! भर्ना खुल्यो !

KSHIRESHWAR MULTIPLE COLLEGE (KMC)

Kshireshwarnath Municipality-6, Sakhuwa Mahendranagar, Dhanusha

We Secure Your Future !

फारम भर्ने अन्तिम मिति: २०८३ श्रावण १७ गते सम्म

प्रवेश परीक्षा: २०८३ श्रावण २१ गते



Hurry Up! Admission Open!

BPAM
BACHELOR IN PUBLIC ADMINISTRATION & MANAGEMENT
(जनप्रशासन)

SPECIAL FEE OFFER
8 वर्षको लागि विशेष शुल्क
रू. १,३०,०००/- मात्र

कार्यालय खुल्ने समय: बिहान १०:०० बजे देखि बेलुका ५:०० बजे सम्म

सम्पर्क स्थान: श्री राष्ट्रिय मा.वि. सखुवा बजार


Contact No.- 9804808490, 9744338539, 9844298185, 9815876880

kshireshwarmultiplecollege@gmail.com

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# पर्यटकलाई लोभ्याउँदै वनस्पति उद्यान

- राजु विश्वकर्मा/रासस

धार्मिक आस्थाको केन्द्रका रूपमा परिचित धनुषाको धनुषाधाम क्षेत्र पछिल्लो समय हरियाली, दुर्लभ वनस्पति, शान्त वातावरण र प्रकृतिको अनुपम सौन्दर्यले नयाँ पहिचान निर्माण गर्दै गएको छ।

केही वर्षअघिसम्म पर्यटकहरूको खासै ध्यान पुग्न नसकेको धनुषाधामस्थित धनुषाधाम वनस्पति उद्यानको प्रवेशद्वारभित्र पस्नेबित्तिकै यतिबेला वातावरण फेरिएको अनुभूति हुन्छ। शहरको कोलाहलबाट टाढा, चराचुरुङ्गीको मधुर स्वर, रुखका पातहरूबीच सलबलाउने हावा, फूलहरूको सुगन्ध र हरियालीको शीतल स्पर्शले आगन्तुकलाई प्रकृतिको काखमा पुगेको अनुभूति गराउँछ। केही क्षणमै लाग्छ यो केवल एउटा उद्यान मात्र होइन, प्रकृतिले आफ्नै हातले सजाएको जीवित संग्रहालय हो।

हरियाली वन, दुर्लभ वनस्पति, रङ्गीन फूलबारी, शान्त वातावरण, जडीबुटीका विरुवा, कृत्रिम जलाशय, अध्ययन तथा अनुसन्धानका लागि निर्माण गरिएका विषयगत वाटिकाहरू र प्रकृतिसँग रमाउने वातावरणले सो वनस्पति उद्यान अहिले धार्मिक पर्यटकसँगै विद्यार्थी, अनुसन्धानकर्ता, प्रकृतिप्रेमी तथा आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ।

धनुषाधाम सदियौंदेखि धार्मिक आस्थाको केन्द्र रहँदै आएको छ। त्रेतायुगमा भगवान् शिवको धनुषको एउटा अंश यहीं खसेको धार्मिक विश्वासका कारण प्रत्येक वर्ष हजारौं श्रद्धालु यहाँ दर्शन गर्न आउँछन्। विवाहपञ्चमी, रामनवमी, मकर सङ्क्रान्तिलगायतका पर्वमा त धनुषाधाम श्रद्धालुले भरिभराउ हुन्छ। पछिल्ला वर्षहरूमा तीर्थयात्रीहरू केही समय वनस्पति उद्यानमा बिताउँछन्, प्रकृतिसँग साक्षात्कार गर्छन् र हरियालीको बीचमा नयाँ ऊर्जा लिएर फर्किन्छन्।

जनकपुरधामबाट करिब १८ किलोमिटर पूर्वमा रहेको धनुषाधाम पुग्ने जो कोहीले धार्मिक स्थलको दर्शनसँगै धार्मिक स्थलबाट करिब १०० मिटरको दूरीमा रहेको वनस्पति उद्यानमा केही समय बिताउँदा प्रकृतिको अनुपम आनन्द लिने गरेको स्थानीय रामसेवक दास बताउँछन्। "पहिला पहिला धनुषाधाम दर्शन गर्न आउने श्रद्धालु मन्दिरमा दर्शन गरेर फर्किन्थ्यो", दास भन्छन्,"तर पछिल्लो समय श्रद्धालुहरु मन्दिरको दर्शनपश्चात वनस्पति उद्यान समेत पस्ने गर्दछन्।"

वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालित सो वनस्पति उद्यान संरक्षण, अनुसन्धान र वातावरणीय शिक्षाको उद्देश्यले स्थापना गरिएको भए पनि मधेश प्रदेशकै सम्भावनायुक्त पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको छ। केही वर्षअघिसम्म थोरै मात्र पर्यटकहरु आउने गरेकोमा पछिल्लो केही वर्षदेखि आन्तरिक र बाह्य पर्यटकहरु आउने क्रम बढेको वनस्पति उद्यानका कर्मचारी सुरेश भण्डारी बताउँछन्।

"पहिला मुस्किलले दैनिक १० देखि २० जना सम्म मात्र पर्यटकहरु आउने गरेकोमा अहिले दैनिक ३०० देखि ४०० को हाराहारीमा पर्यटक वनस्पति उद्यान घुम्न आउने गरेका छन्", भण्डारी भन्छन्, "धेरैजसो आन्तरिक र भारतीय पर्यटकहरु आउने गर्छन्।" साथै, विभिन्न विद्यालय र विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरु समेत अध्ययन अवलोकनका लागि आउने गरेको भण्डारीको कथन छ। उद्यान अवलोकनका लागि आउने पर्यटकसँग अहिले कुनै शुल्क नलिने गरेकामा अबदेखि शुल्क लिन मन्त्रालय र विभागबाट पत्र प्राप्त भएकाले शुल्क निर्धारण हुने भण्डारी बताउँछन्।

प्रकृतिसँग रमाउन चाहनेका लागि उद्यान अहिले उत्कृष्ट गन्तव्य बनेको छ। बिहान स्वास्थ्यका लागि हिँड्ने समूह, अध्ययन भ्रमणमा आएका विद्यार्थी, परिवारसँग घुम्न आएका अभिभावक, मोबाइल क्यामेरामा सुन्दर दृश्य कैद गर्ने युवा र अनुसन्धानमा जुटेका वनस्पतिविद् सबैलाई यहाँ भेटिन्छ। "वनस्पति उद्यानभित्र दुर्लभ तथा लोपोन्मुख वनस्पतिका सयौं प्रजाति संरक्षण गरेका छौं", वनस्पति उद्यानका प्रमुख ताहिर हुसेन भन्छन्,"औषधीय जडीबुटी, बहुवर्षीय वृक्ष, जलीय वनस्पति, फर्न, सजावटी फूल तथा विभिन्न स्थानीय प्रजातिले उद्यानलाई जैविक विविधताको जीवित पाठशाला बनाएका छौं।" उद्यानमा आउने जो कोहीको मन प्रफूल्लित र नयाँ उर्जा प्राप्त भएको महसुस गर्ने गर्दछ, प्रमुख हुसेन बताउँछन्।

विसं २०५६ मा स्थापना भएको उक्त उद्यानको विशेष आकर्षण भनेको विषयगत वाटिकाहरू हुन्। औषधीय जडीबुटी वाटिकामा राखिएका बिरुवाहरू केवल हेर्नका लागि मात्र होइनन्; तिनले परम्परागत उपचार पद्धति, आयुर्वेद र स्थानीय ज्ञानको इतिहास पनि बोकेका छन्। प्रत्येक बिरुवासँग राखिएको वैज्ञानिक परिचयले विद्यार्थी र अनुसन्धानकर्तालाई प्रत्यक्ष सिकाइको अवसर दिदै आएको छ।

करिब १२० हेक्टर क्षेत्रफलमा फैलिएको वनस्पति उद्यानभित्र विभिन्न विषयगत वाटिका स्थापना गरिएको प्रमुख हुसेन बताउँछन्। उनका अनुसार उद्यानभित्र धार्मिक बाटिक, नक्षत्र बाटिका, जडीबुटी शैक्षिक बाटिका, जल उद्यान, धनुष बाटिका, जलीय वनस्पति उद्यान, फुल उद्यान, 'ट्याक्सोनोमिकल फेमिली बाटिका'लगायतका संरचना निर्माण गरिएको छ।

व्यवस्थापन गरिएको प्रत्येक बाटिका र उद्यानभित्र सम्बन्धित विषयका वनस्पति तथा जडीबुटीका विरुवा लगाइएको छ। "धार्मिक बाटिकामा धर्म र संस्कृतिसँग जोडिएको वृक्ष र नक्षत्र बाटिकामा २७ वटा नक्षत्रको विरुवा, १२ वटा राशी र नौ वटा ग्रहका विरुवाहरु संरक्षित गरेका छौँ", प्रमुख हुसेन भन्छन्, "जलीय वनस्पति बाटिकामा विभिन्न जलीय वनस्पतिहरुको संरक्षण गरेका छौं।" साथै, जडीबुटी शैक्षिक बाटिकामा विद्यार्थी तथा अध्ययनकर्ताहरुको अध्ययन गर्ने प्रजातिका विरुवाहरु संरक्षित गर्दै वनस्पतिभित्र वैज्ञानिक अध्ययन तथा शैक्षिक प्रयोजनका लागि दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरुको संरक्षण तथा प्रदर्शनी प्लटहरुको व्यवस्थापन गरिएको प्रमुख हुसेनको भनाइ छ।

उद्यानमा हाल २७६ वनस्पति प्रजातीहरुको संरक्षण गरिएको छ। जसमा ७४ रुख, ४८ बुट्यान, १३४ झारपात र २० लहरे प्रजातीको वनस्पति संरक्षण गरिएको छ। वनस्पति उद्यानमा अध्ययन र अवलोकनका लागि आउने विद्यार्थी तथा अध्येताहरुलाई आवश्यक जानकारीका लागि सूचना केन्द्र व्यवस्थापनसँगै सुगन्धित जडीबुटी र वनस्पतिको तेल प्रतिशत निर्धारण गर्न केमष्ट्री ल्याब समेत स्थापना गरिएको प्रमुख हुसेनको भनाइ छ।

सामाजिक सञ्जालको विस्तारसँगै धनुषाधाम वनस्पति उद्यानको परिचय देशभर फैलिन थालेको छ। यहाँ खिचिएका तस्बिर र भिडियोले धेरैलाई आकर्षित गरिरहेका छन्। परिणामस्वरूप, धार्मिक पर्यटकसँगै प्रकृतिप्रेमीहरूको आगमन पनि वनस्पति उद्यानमा बढ्दो क्रममा छ। उद्यानले पर्यटन मात्र होइन, वातावरणीय चेतना पनि फैलाइरहेको छ। जलवायु परिवर्तन, वन विनाश र जैविक विविधता संरक्षणका विषयमा यहाँ आउने विद्यार्थीले प्रत्यक्ष अवलोकनमार्फत सिक्ने अवसर पाइरहेका छन्।

दुर्लभ वनस्पति संरक्षण किन आवश्यक छ भन्ने कुरा यहाँका प्रत्येक रूख, प्रत्येक बिरुवा र प्रत्येक हरियो पातले आफ्नै भाषामा बुझाइरहेका हुन्छन्। "पछिल्लो समय पर्यटकीय स्थलको रुपमा विकास हुँदै गएको वनस्पति उद्यानले यहाँको पर्यटन प्रबर्द्धनसँगै रोजगारीको वातावरण



सृजना हुँदै गएको छ", धनुषाधाम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिन भट्टराई भन्छन्," यसमा स्थानीय सरकारको पनि सहयोग रहन्छ, हामी पनि सहयोग र समन्वय गर्न तयार छौं।" उद्यानको संरक्षण, सम्बर्द्धनसँगै बहुउपयोगिता प्रवर्द्धनका लागि स्थानीय सरकारको हिसाबले नगरपालिकाको पनि सहयोग रहने उनको भनाइ छ।

धनुषाधाम आउने पर्यटकको संख्या बढेसँगै स्थानीय अर्थतन्त्रमा पनि नयाँ सम्भावना देखिन थालेको छ। यहाँका होटल, रेस्टुरेन्ट, यातायात, स्थानीय हस्तकला, कृषि उत्पादन तथा साना व्यवसायले पनि नयाँ ग्राहकसमेत पाइरहेका छन्। "यसले पर्यटन केवल घुमघामको विषय मात्र नभई स्थानीय समृद्धिको आधार पनि बन्नसक्छ भन्ने सङ्केत दिएको छ" स्थानीय युवा सन्तोष मण्डल भन्छन्," वनस्पति उद्यानप्रति बढ्दो आकर्षणले युवाहरु पर्यटनसँग सम्बन्धित सेवा र व्यवसायमा अवसर खोज्न थालेका छन्।"

आधुनिक सूचना केन्द्र, डिजिटल गाइड प्रणाली, बाल उद्यान, साइकल ट्र्याक, प्रकृति पदमार्ग, व्याख्या केन्द्र, अनुसन्धान प्रयोगशाला तथा पर्यटकमैत्री सेवा विस्तार गर्नसके यसको आकर्षण अझ गुणात्मक रूपमा बढ्ने उनको भनाइ छ। "पहिला थोरै सङ्ख्यामा यहाँ आन्तरिक र बाह्य पर्यटकहरु आउनेगर्दथ्यो", स्थानीय व्यवसायी शङ्कर साह भन्छन्, "तर अहिले पर्यटकहरुको आउने क्रम यहाँ बढ्को छ, यहाँ बिस्तारै होटलहरु खुल्न थालेका छन्।" उनका अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी प्रचार-प्रसार गर्न सकिए धनुषाधाम वनस्पति उद्यान मधेश प्रदेशको मात्र होइन, पर्या-पर्यटनको गन्तव्य बन्नसक्छ।

आज विश्वभर प्रकृतिमैत्री पर्यटनको आकर्षण बढिरहेको छ। मानिसहरू केवल घुम्न होइन, सिक्न, अनुभूति गर्न र प्रकृतिसँग केही समय बिताउन नयाँ गन्तव्य खोजिरहेका छन्। धनुषाधाम वनस्पति उद्यानले यही चाहनालाई सम्बोधन गर्ने सबै आधार बोकेको छ। धार्मिक आस्था, प्राकृतिक सौन्दर्य, जैविक विविधता, वातावरणीय शिक्षा र स्थानीय संस्कृतिको अद्भूत सङ्गमका कारण यसको महत्व दिन प्रतिदिन बढ्दै गएको छ।

यो उद्यान वास्तवमै एउटा हरियो उद्यान मात्र होइन; धेरैले प्रकृतिप्रतिको सम्मान, संरक्षणप्रतिको प्रतिबद्धता र दिगो पर्यटनको उज्ज्वल सम्भावनाको प्रतीकको रुपमा लिने गरेका छन्। यहाँ पुग्ने जो-कोहीले केवल हरियाली देखेर फर्कँदैन; उनीहरूले प्रकृतिप्रति नयाँ दृष्टिकोण, वातावरणप्रतिको जिम्मेवारी र पुनः फर्केर आउने चाहना पनि साथमा लिएर फर्किने गर्दछन्। यही अनुभूतिले यस उद्यानलाई मधेश प्रदेशको उदाउँदो पर्यटकीय गन्तव्य रुपमा हेरिन थालिएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिबासमा घुम्ती पुस्तकालयले बढाउदैं पठन संस्कृति

दिवेश कुमार महतो
साउन ५ गते, बर्दिवास

विद्यार्थीमा पठन संस्कृतिको विकास र व्यावहारिक सिकाइ सहजिकरण गर्ने उदेश्यले अमेरिकी दूतावासको सहयोगमा कारखाना समूहद्वारा घुम्ती पुस्तकालयको सेवा धनुषा र महोत्तरीका केहि स्थानहरुमा कार्यक्रम सम्पन्न गरिएको छ। नेपालमा कारखाना समूहद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रम धनुषाको ढल्केबर हुँदै महोत्तरीको बर्दिबासमा घुम्ती पुस्तकालयको सेवा प्रदान गरिएको हो । सोही घुम्ती पुस्तकालय धनुषाको मिथिला नगरपालिका, ढल्केबर गई त्यहाँका स्थानीय बासिन्दा, शिक्षक , बालबालिका र युवाहरुसँगको अन्तरक्रिया कार्यक्रम गरी गाँउ- सहरमा पुस्तक अध्ययनको साँस्कृति बसाउन मद्दत पुर्याएका थिए । ढल्केवरमा लियो क्लब अफ मिथिला आदर्शको समन्वयमा भएको उक्त कार्यक्रममा स्थानिय शिक्षक , विधार्थीहरुको उल्लेखनीय सहभागिता रहेको लियो क्लब अफ मिथिला आदर्शका अध्यक्ष धर्मेन्द्र कुमार महतोले बताउनुभयो रु।

"विधार्थीहरुमा किताब पढ्ने सँस्कृति हराएको र आधुनिक युगमा मोबाइलको अत्यधिक प्रयोगले लामो समयसम्म किताब पढ्ने सँस्कृतिमा ह्रास आएकोले कारखाना समूहद्वारा सञ्चालित घुम्ती पुस्तकालयले सकरात्मक सन्देश दिन खोजेको "ढल्केबरका स्थानिय समाजसेवी राजलाल महतोले बताउनुभयो। वहाँका अनुसार "सामुदायिक विधालयहरुमा समेत पुस्तकालयको अभाव र पुस्तकालय भएपनि पुस्तकहरुको अभावले पुस्तक पढ्ने सँस्कृतिमा कमी आएको बताउनुभयो।

त्यस्तै उक्त घुम्ती पुस्तकालयको सेवा महोत्तरीको बर्दिबासमा समेत दिइएको छ। लियो क्लब अफ बर्दिबास समाजको समन्वयमा बर्दिबास-२ स्थित श्री जनता माध्यमिक विद्यालय र निर्मल लामा बहुप्राविधिक शिक्षालय बर्दिबास -११ खयरमारा मा समेत घुम्ती पुस्तकालयको सेवा प्रदान गरिएको हो ।



"पुस्तक अध्ययन, शैक्षिक खेल , सिर्जनात्मक सिकाई तथा जिवन उपयोगी सिप विकासका गतिविधिहरु सञ्चालन गर्न र विद्यार्थीहरूमा पठन संस्कृतिको विकास गर्ने उदेश्यले यो कार्यक्रम ल्याइएको लियो क्लब अफ बर्दिबास समाजका अध्यक्ष आशा साहले बताइन् । उनका अनुसार "यस कार्यक्रमले विधार्थीहरुमा सिर्जनशील सोचको विकास ,नेतृत्व क्षमता तथा व्यवहारिक ज्ञान अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । लियो क्लब अफ बर्दिबास समाजकी अध्यक्ष आशा साहले 'मिट यूएस बुक बस' केवल पुस्तक बोकेको बस नभई ज्ञान र अवसर बोकेको चलायमान पुस्तकालय भएको बताइन्। उनका अनुसार बसमा विभिन्न विधाका पुस्तक, उपन्यास, सन्दर्भ सामग्री तथा शैक्षिक खेल राखिएका थिए, जसले विद्यार्थीलाई पाठ्यपुस्तकभन्दा बाहिरको ज्ञानसँग जोड्ने अवसर प्रदान गरेको छ।

बर्दिबासमा भएको सो कार्यक्रममा सहभागी विद्यार्थीहरुले पुस्तक अध्ययनसँगै चेस, मास्टरमाइन्ड, वर्ड गेमलगायतका शैक्षिक खेलमा सहभागिता जनाएका थिए। नेतृत्व विकास, उद्यमशीलता, वित्तीय साक्षरता तथा सिर्जनात्मक सिकाइसम्बन्धी अन्तरक्रियात्मक सत्रले विद्यार्थीलाई नयाँ अनुभव दिलाएको आयोजकको भनाइ छ।

# हर्कलाई जानकी मन्दिर प्रवेश .....

गर्न आउन लागेपछि हिन्दुवादी संगठनले विरोध जनाएका छन् ।

मंगलबार अध्यक्ष साम्पाङ जानकी मन्दिरमा दर्शन गर्न आउन लागेकोमा उनको विरोधमा नारावाजी गरिएको छ । सम्राट सेना लगायतका हिन्दुवादी संघ संस्थाले 'जय श्री राम', 'हर्क साम्पाङ मुर्दाबाद', 'हिन्दू विरोधी मुर्दाबाद' लगायतको नारा लगाउँदै विरोध जनाएपछि प्रहरीहरु र उनीहरुबीच ठेलमठेल भएको हो ।

अध्यक्ष साम्पाङ जनकपुरधामको जानकी मन्दिर दर्शन गर्न आउन लागेकोमा हिन्दू सम्राट सेनाका धनुषा जिल्ला अध्यक्ष विनीत यादव, कोषाध्यक्ष लक्ष्मी साह, राष्ट्रिय एकता अभियानका केन्द्रीय कोषाध्यक्ष मनिष पूर्वेलगायत ५०-६० जना युवाहरु छुट्टाछुट्टै ग्रुप बनाएर जानकी मन्दिरको वरिपरि तथा प्राङ्गनमा छरिएर बसेका छन् । यता धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेले सुरक्षा व्यवस्था कडा गरिएको बताए । उनले प्रतिनिभिसभा सदस्य साम्पाङलाई सुरक्षा दिन प्रहरी तयार रहेको बताए ।






# धनुषा ट्राफिक प्रहरीद्वारा गत आवमा एक करोड १४ लाख राजस्व संकलन

**खबर दर्पण समाचारदाता**
**साउन ५ गते, बर्दिवास**

जिल्ला ट्राफिक प्रहरी कार्यालय जनकपुरधाम, धनुषाले गत आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड १४ लाख नौ हजार ५०१ राजस्व संकलन गरेको छ ।

प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले आव २०८२/८३ मा ट्राफिक नियम उल्लंघन गर्नेहरूबाट १२ हजार ६०३ सवारीसाधनमाथि कारबाही गर्दा रु एक करोड १४ लाख नौ हजार ५०१ राजस्व संकलन भएको जानकारी दिए ।

आव २०८१/८२ मा २८ हजार ५३८ सवारीसाधनमाथि कारबाही गर्दा रु दुई करोड २१ लाख १० हजार ५०० राजस्व संकलन गरेको थियो ।

धनुषा जिल्लामा आव २०८२/८३ मा भएको एक हजार ३५८ सवारी दुर्घटनामा परी ८२ जनाको मृत्यु भएको छ भने दुई हजार १९८ जना घाइते भएका छन् ।

अघिल्लो आव २०८१/८२ मा धनुषामा एक हजार २२१ सवारी दुर्घटना हुँदा ८४ जनाको मृत्यु भएको थियो ।

पछिल्ला केही वर्षयता धनुषा जिल्लामा सवारी दुर्घटना बढे पनि दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्यामा कमी आएको देखिन्छ ।

सडकको नाजुक अवस्था, मानवीय लापर्वाहीलगायतका कारण बितेका वर्षमा सवारी दुर्घटना केही बढे पनि दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या घटेको प्रहरी निरीक्षक दाहालले बताए । पछिल्ला वर्षमा ट्राफिक सचेतना र नियमित ट्राफिक चेकजाँचका कारण सवारी दुर्घटनामा कमी आएको प्रहरी निरीक्षक दाहालको दाबी छ ।

# आज जनकपुर आउँदै प्रचण्ड र माधव नेपाल, पार्टी एकताको सन्देश दिने कार्यक्रम

**खबर दर्पण समाचारदाता**
**साउन ५ गते, बर्दिवास**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सह-संयोजक माधवकुमार नेपाल बुधवार जनकपुरधाम आउने भएका छन्।

नेकपाका मधेस प्रदेश इन्चार्ज महेन्द्र राय यादव ले बिहीबार आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएका हुन्। उनका अनुसार पार्टीको एकता सन्देश तथा प्रशिक्षण कार्यक्रम लाई सम्बोधन गर्न दुवै शीर्ष नेता जनकपुरधाम आउने कार्यक्रम तय भएको छ।

कार्यक्रम भोलि दिउँसो १२ बजे आयोजना गरिनेछ। पत्रकार सम्मेलनमा मधेस प्रदेशका नवनियुक्त सदस्यहरूको उल्लेखनीय सहभागिता रहने जानकारी दिइएको छ। पार्टी एकीकरणपछि प्रदेशस्तरमा संगठन सुदृढीकरण, वैचारिक स्पष्टता र कार्यकर्ता प्रशिक्षणलाई केन्द्रमा राखेर कार्यक्रम आयोजना गरिएको प्रदेश नेतृत्वले जनाएको छ।

नेकपा २८ वटा राजनीतिक दलको एकीकरणबाट बनेको पार्टी भएको उल्लेख गर्दै मधेस प्रदेशमा तीमध्ये १५ वटा दलको सहभागिता रहेको जानकारी दिइयो। प्रदेशमा हाल ३४२ जना केन्द्रीय सदस्य तथा १,४२७ सदस्यीय प्रदेश कमिटी रहेको र उनीहरूको पनि कार्यक्रममा सहभागिता रहने बताइएको छ।

पत्रकार सम्मेलनमा नेकपाले आगामी मंसिरभित्र महाधिवेशन सम्पन्न गर्ने नीतिगत निर्णय गरि सकेको जानकारी समेत दिइयो।

एकता सन्देश र प्रशिक्षण कार्यक्रममार्फत पार्टीलाई थप सुदृढ बनाउँदै संगठन निर्माण, वैचारिक दिशा र सिद्धान्तप्रति कार्यकर्तालाई स्पष्ट बनाउने विश्वास नेतृत्वले व्यक्त गरेको छ।

नेकपाले जनकपुरधामबाट सुरु हुने एकता सन्देश अभियानले पार्टीभित्रको एकता अझ मजबुत हुने तथा आगामी महाधिवेशनको तयारीलाई समेत गति दिने अपेक्षा गरेको छ।

# मधेसका भूमि प्रशासन कार्यालयद्वारा गत आवमा ५ अर्ब ७९ करोड राजश्व संकलन

**खबर दर्पण समाचारदाता**
**साउन ५ गते, बर्दिवास**




मधेस प्रदेशमा रहेको भूमि प्रशासन कार्यालयहरुले गत आर्थिक वर्ष २०८२।८३ मा ५ अर्ब ७९ करोड ७ लाख ३४ हजार ४०४ रुपैयाँ राजश्व संकलन गरेको छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागकाअनुसार मधेस प्रदेशको ८ वटै जिल्लामा २१ वटा भूमि प्रशासन कार्यालय रहेकोमा आव २०८२।८३ को साउनदेखि असार मसान्तसम्ममा यति राजश्व संकलन गरेको हो ।

भूमि प्रशासन कार्यालयले सेवा कर, रजिष्ट्रेशन दस्तुर, अतिरिक्त शुल्क, डोर सुविधा शुल्क, पूँजीगत लाभकर, जग्गाधनी प्रमाण पूर्जा, विलम्ब शुल्क, मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्क, रोक्का दस्तुर अन्तर्गत राजश्व संकलन गर्ने गरेको छ ।

गत आवमा सबैभन्दा बढी राजश्व संकलन भूमि प्रशासन कार्यालय पर्साले गरेको छ भने भूमि प्रशासन कार्यालय मौलापुर, रौतहटले सबैभन्दा कम राजश्व संकलन गरेको छ। भूमि प्रशासन कार्यालयले १ अर्ब १० लाख ९१ हजार १३८ रुपैयाँ राजश्व संकलन गरेको छ ।

यसैगरि भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषाले ७९ करोड २२ लाख ६४ हजार १९० रुपैयाँ राजश्व संकलन गरेको अभिलेख छ ।

भूमि प्रशासन कार्यालय कलैया, बाराले आव २०८२।८३ मा ५० करोड ५४ लाख १२ हजार ३६ रुपैयाँ राजश्व संकलन गरेको हो। बारामै रहेको भूमि प्रशासन कार्यालय सिमराले ४० करोड २१ लख ४७ हजार ४५९ रुपैयाँ राजश्व संकलन गरेको हो ।

यसैगरि, भूमि प्रशासन कार्यालय राजविराज, सप्तरीले गत आव २०८२।८३ मा ३१ करोड ८९ लाख २८ हजार ७२२ रुपैयाँ राजश्व संकलन गरेको हो ।

मधेस प्रदेशमा ८ वटा जिल्ला रहेकोमा भूमि प्रशासन कार्यालयहरुले सेवा विस्तार गर्दै जाँदा २१ ठाउँबाट सेवा प्रवाह हुँदैछ । सप्तरीमा २, सिरहामा २, धनुषामा २, महोत्तरीमा ३, सर्लाहीमा ३, रौतहटमा ४, बारमा ३ र पर्सामा २ वटा भूमि प्रशासन कार्यालय रहेको छ ।

भूमि प्रशासन कार्यालयहरुले गत आव २०८२।८३ को अन्त्य अर्थात असार मसान्तमा सबैभन्दा बढी राजश्व संकलन गरेको छ। असारमा १ अर्ब ४५ लाख ८६ हजार ६६४ रुपैयाँ राजश्व संकलन गरेको छ। असार पछि चैतमा ५५ करोड ५ लाख २१ हजार ९७३, जेठमा ५३ करोड ६१ लख ४९ हजार १४७, बैशाखमा ५३ करोड ३७ लाख ५१ हजार ४४ रुपैयाँ राजश्व संकलन गरेको हो ।

भूमि प्रशासन कार्यालयहरुले पुसमा ५० करोड ७ हजार ६५० रुपैयाँ, माघमा ४८ करोड ४८ लाख ५ हजार ३२६, मंसिरमा ४७ करोड ३३ लाख ९९ हजार ८१४, फागुनमा ३८ करोड ८८ लाख ४४ हजार ८६५, साउनमा ३८ करोड ८१ लख ४ हजार ३०८ रुपैयाँ राजश्व संकलन गरेको हो ।

यस्तै, भदौमा ३२ करोड ३८ लाख ५२ हजार ५६७ रुपैयाँ, असोजमा ३१ करोड ९० लाख ९४ हजार ९८९ र कार्तिकमा सबैभन्दा कम २८ करोड ७६ लाख १६ हजार ५७ रुपैयाँ राजश्व संकलन गरेको छ ।

मधेस प्रदेश सरकारको स्वच्छता अभियान कोषमा वर्षेणी करोडौं रकम भूमि प्रशासन कार्यालयहरुबाट हुने गरेको छ। आर्थिक वर्ष २०८२।८३ मा मुख्यमन्त्री स्वच्छता अभियान कोष शूल्क वापत ४७ करोड ५८ लाख ५ हजार २८६ रुपैयाँ राजश्व संकलन भएको हो ।

यसअघि आर्थिक वर्ष २०८१।८२ मा समेत यस कोषका लागि तत्कालिन मालपोत कार्यालयहरुबाट ४४ करोड ६० लाख ८६ हजार ६४४ रुपैयाँ संकलन भएको थियो ।

## मोबाइल फोन हरायो

म सफरुल कबारी क्षीरेश्वरनाथ नपा ३ धनुषा बस्ने लाई स्वास्थ्य बिमा बोर्डबाट काम गर्नको लागि उपलब्ध गराइएको लेनोभो कम्पनीको मोडेल k50a40 भएको मोबाइल फोन मिति २०८३ बैशाख २५ गते का दिन पकडीयाबाट महेन्द्रनगर जाने क्रममा हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकै प्रहरी कार्याल्यमा वा मेरो सम्पर्क नम्बर ९८०७६४३११५ मा जानकारी गराईदिनु हुन अनुरोध छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,